# कार्य सञ्चालन कोष ऐन, २०४३

*(मिति २०७४ साल बैशाख मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*


**नेपाल सरकार**

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**सिंहदरबार**

# कार्य सञ्चालन कोष ऐन, २०४३

लालमोहर र प्रकाशन मिति
२०४३।७।२४

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६☎ | २०६६।१०।७ |

२०४३ सालको ऐन नं. १३

✂..............................

कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक प्रशासनलाई बढी सरल र सुविधाजनक बनाई विकासको गतिलाई तीब्र पार्न तथा सर्वसाधारण जनतालाई आर्थिक सुविधा पुऱ्याउन कार्य सञ्चालन कोष सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कार्य सञ्चालन कोष ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कार्य सञ्चालन कोष सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मन्त्रिपरिषद् सचिवालयलाई समेत जनाउँछ ।

(ग) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक सम्झनु पर्छ र सो शब्दले सरकारी कारोबार गर्ने अन्य बैंक समेतलाई जनाउँछ ।

(घ) "गत आर्थिक वर्ष" भन्नाले चालू आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्ष सम्झनु पर्छ ।

☎ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

३. कोषको स्थापना : (१) मन्त्रालयले आवश्यक देखेमा आफ्नो उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायको लागि विशेष कार्य सञ्चालन गर्न कार्य सञ्चालन कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा हुनेछन् :-

(क) प्रत्येक आर्थिक वर्षमा विनियोजन ऐनद्वारा छुट्याइएको रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा सञ्चित कोषमा दाखिल हुने आम्दानीबाट नेपाल सरकारबाट तोकिए बमोजिम छुट्याइएको रकम ।

४. कोषको स्थापना गर्दाको कार्यविधि : कोषको स्थापना गर्नको लागि सम्बन्धित मन्त्रालयले अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय गराउनु पर्नेछ ।

५. कोषको सञ्चालन : (१) कोषको सञ्चालन गर्न बैंकमा सरकारी खाता सरह खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(२) कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरिद गर्नु पर्ने निकायहरुमा दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिम छुट्याईएको रकमबाट पच्चीस प्रतिशत रकम कच्चा पदार्थ तथा स्पेयर पार्टस् खरिद गर्न छुट्याई राख्नु पर्नेछ ।

६. कोषको हिसाब पेश गर्ने : कोषको सञ्चालन गर्नको निमित्त मन्त्रालयले तोकिदिएको अधिकारीले कोषको यथार्थ हिसाब आर्थिक वर्ष अन्त भएको पन्ध्र दिनभित्र महालेखा नियन्त्रक समक्ष पेश गर्नु पर्नेछ ।

७. कोषको रकम जिम्मेवारी सारिने : गत आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रकम प्रत्येक आर्थिक वर्षको प्रारम्भमा कोषमा जिम्मेवारी सारिनेछ ।

८. कोषको रकम सञ्चित कोषमा सार्न सकिने : मन्त्रालयले चाहेमा कोषको मौज्दात रकम आंशिक वा पूर्णरुपमा सञ्चित कोषमा दाखिल गर्न सक्नेछ ।

९. कोषको लेखापरीक्षण : कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१०. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

---

दृष्टव्य :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु :-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।